१६१८/११६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ५७४/२०७३/०७४
निर्णय नं. ११९

जिल्ला काठमाण्डौ, का.म.न.पा.व.नं.-१५ डल्लु चौतारा निवासी मधुरवहादुर श्रेष्ठ ........१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ............................१ } विपक्षी
सूचना अधिकारी, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ..........................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला काठमाण्डौ, का.म.न.पा.व.नं.-१५ डल्लु चौतारा निवासी मधुरवहादुर श्रेष्ठले आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौंको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ. व. ०६६/६७ को आयकर छुट सीमाको सम्वन्धमा व्यक्तिको लागि एक लाख पन्ध्र हजारबाट एक लाख साठी हजार रुपैयाँ र दम्पत्तिको लागि एक लाख चालिस हजारबाट दुई लाख कायम गरिएको कर छुट सीमा सम्वन्धी आन्तरिक राजस्व विभागले २०६६ साउनमा प्रकाशित सार्वजनिक सूचना ।
२. आन्तरिक राजस्व विभागको महानिर्देशकज्यूको मिति २०६९।०२।२८ को निर्देशन अनुसार जारी गरेको पत्रको प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल कार्तिक २९ गते रोज २ शुभम् ।